आदरणीय सभा अध्यक्ष ज्यू,
सभाका सदस्य ज्यूहरु ।

(क) **सम्बोधन र संस्मरण**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनुहुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछौं । यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**दीगो र तिव्र विकास, चौकुनेको रहर, गुणस्तरिय शिक्षा र व्यवसायीक कृषिमा लहर** सिर्जना गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै सुचना तथा सञ्चार प्रविधिको प्रयोग एवं गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समृध्द गाउँपालिका र सुखी जनताको** लक्ष्य हासील गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ।

गाउँपालिका लाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीहरुको राष्ट्रिय लक्ष्य अनुरुप व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध दिगो विकास र शहरीकरण तथा कृषि क्षेत्रको व्यवसायीकरण मार्फत स्थानीय स्रोत साधनको परिचालन गरि स्वरोजगारको प्रवर्धनलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिइएकोछ ।

**(ख) विद्यमान परिवेश**

आयतमुखी तथा विप्रेशनमा निर्भर अर्थतन्त्र, आन्तरिक उत्पादनमा कमी, वेरोजगारी, भुक्तानी असन्तुलन, बढ्दो व्यापार घाटा एवं विश्वव्यापीकरण र उदारिकरणको प्रभाव आदीले समग्र राष्ट्रको अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको अवस्था विद्यमन छ । फलस्वरुप रोजगारी सृजना, विकास व्यवस्थापन, उत्पादन प्रणालीमा न्यूनीकरण आई पुनर्उत्थान र पुर्नउत्पादनमा सुधार आउन नसकेको अवस्था छ । यस बाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गैस्थानीयतहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ।

यस गाउँपालिकामा कृषि पेशा जिवन निर्वाहमूखी हुनु र बजारिकरणको व्यवस्थापन हुन नसक्दा हजारौ नागरिकहरु कृषि क्षेत्रमा व्यापक अवसर हुँदा हुँदै विदेशिनु परेको छ । यसले अल्पविकसित मुलुक बाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा थुप्रै चुनौतिहरु देखा परेका छन् । दिगो तथा सन्तुलित विकासको अभ्यासमा हामिले विगतमा गरेका क्रियाकलापहरु नतिजामुखी हुन सकेनन् फलस्वरुप हरेक दिन सैयौं बस्तीहरु ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रहरुमा विस्थापित हुन पुगेको यथार्थ हामीसँग अझैपनी छ । यस अवस्थाले हामी

सवैलाइ गम्भीर वनाएको छ । आन्तरिक र वाह्य वसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुनपुगेका छन् ।उब्जाउ खेतवारी बाँझो हुनपुगेका छन्। यस सन्दर्भमा युवालाइ देशभित्रै रोगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइ लाई आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दाहुन पुगेको छ । यो अवस्थाको सम्वोधनका लागि तीनै तहका सरकारहरु विच समन्वय, सहकार्य र सह- अस्तित्व बमोजिम आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक रुपमा समन्वय र साझेदारी गरिनु अपरिहार्य छ ।

यस विशिष्ट परिस्थितिमा सँघ, प्रदेश र स्थनीय तहको स्रोत साधनको नतिजामूखी परिचालन, पारदर्शी तथा लोकतान्त्रिक शासन प्रणाली, विधि र कानुनको अनुसरण गर्दै स्थानीय जनताको आवश्यकता, माग र चाहना अनुरुप योजन तर्जुमा कार्यान्वयन र मूल्याङ्कनलाई बढी प्राथमिकता दिइनु पर्दछ ।

हामीले हाम्रो विकास व्यवस्थापन मार्फत अर्थतन्त्र लाई चलायमान वनाउँदै र दिगो आर्थिक विकास गरि **समृद्ध नेपाल सुखी नेपालीको मुल** लक्ष्य हासील गर्नुपरेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रम लाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ।

सेवाप्रवाहलाई थप विश्वसनिय एवं प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गरि पारदर्शिता समेत कायम गर्न अपरिहार्य छ । यसका लागि मानव शंसाधान बिकास मर्फत निष्ठावान र क्षेमतावान कार्यप्रणालीको विकास गर्ने र बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभाहमा ब्यापक सुधार ल्याई जनमैत्री वनाउनुपर्ने देखिन्छ ।

**(ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरू:**

१.संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

२.आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।

३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।

६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजारसम्मको पहुँच स्थापित भएको पूर्वाधारको अवसर हुनु ।

७. विकास साझेदार तथा तहगत सरकारहरुको नीतिगत तथा वित्तीय सहयोग रहनु ।

८. स्थानीय सरकार संचालनको अनुभव रहनु ।

**विद्यमान चुनौतीहरू:**

- रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु।
- भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अब्यवस्थित बसोवासीको ब्यवस्थापन गर्नु ।
- बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु।

- गुणस्तरीय बीउ बिजन/मलखाद समयमा नै उपलब्ध गराउनु।
- युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु।
- ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु।
- वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
- परम्परागत सिप, क्षमता, अनुभव र कलालाई स्तरिकरण बैधता कायम राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा पहुँच स्थापीत गर्नु ।
- निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु।
- सडक लगायतका पूर्वाधारको उपयोग योजना डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु।
- भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भौतिक संरचना निर्माण कार्यलाई रोक्नु ।
- अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
- बैज्ञानिक, जलवायु-उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
- सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु।
- प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगा, गिट्टि, बालुवा) को मापदण्ड अबलम्बन गरि अत्यधिक दोहन रोक्नु।
- विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रबाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना(Asset Management Plan) तयार गरी कार्यान्वियन गर्नु।
- राजश्वको दर, दायरा विस्तार तथा स्रोतहरुको पहिचान गरि आन्तरिक राजश्व प्रणालीलाई सुदृढ गर्नु ।
- तिनै तहका सरकारहरुविच योजना तर्जुमा, कार्यान्वियन र व्यवस्थापनमा सहकार्य र साझेदारी कायम गरि स्रोतहरुको प्रयोगमा मितव्ययीता र दोहोरोपना लाई रोक्नु ।
- सिमित श्रोत साधन र मानव शंसाधन विकासको विद्यमान अवस्थाबाट स्थानीय जनताका असिमित आवश्यकता र चाहनाहरुको परिपूर्ति गर्नु ।
- विकास संरचनालाई स्थानीय अनुकुलन, दिगो र गुणस्तरता कायम गर्न स्थानीय सरकार र उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुविच बुझाइमा एकरुपता कायम गर्नु ।
- विकासको प्रभावकारीतालाई राजनैतिक तथा सामाजिक क्षेत्रबाट समयमै प्रवर्धन गरि लाभहरुको समन्यायीक वितरण गर्नु ।
- लैङ्गिक शासन प्रणाली, जलवायू उत्थान शासन प्रणाली, सूचना प्रणालीमा आधारित शासन प्रणाली (E-Governance) लाई वडा स्तरसम्म सञ्चालिकरण गर्नु ।
- मानव शंसाधन प्रणालीको विकास मार्फत शासन प्रणालीमा चुस्तता, दक्षता, प्रभावकारिता, मितव्यीता र औचित्यता कायम गर्नु ।
- प्रशासनीक तथा आर्थिक नीति र कानुनहरुको अनुशरण मार्फत सरोकारवालाहरुको बुझाइमा एकरुपमा कायम गरि आर्थिक विचलन, वेरुजु न्यूनिकरण तथा पारदर्शीता कायम गर्नु ।

### (घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवाधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू तथा सोह्रौं योजनाको अवधारणा पत्र अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

सोह्रौं योजनाको अवधातरणा पत्र, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघ संस्थाहरु तथा विकास साझेदार हरूको निरन्तर सहयोग रहँदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचाभित्र आवद्ध गराउने हो ।आमनागरिकहरुले साथ सहयोग, सुझाव दिने हो।जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ।यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ ।संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ ।जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ।

### (ङ) चालु आ.व. को हाल सम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

**भौतिक पूर्वाधार विकास(सडक, खानेपानी, सिंचाईका क्षेत्रमा भएका उपलब्धी)**

**सडक यातायातः**

यस गाउँपालिकामा हालसम्म ५०० मिटर पक्कि सडक ११ कि.मि. ग्राभेल सडक, १५ किमी नयाँ कटीङ्ग, व्याक कटिङ्ग १८ किमि, पालिका भित्रका अधिकांश सहायक सडकहरुको मर्मत भएको छ । गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्गसम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको बिजौरा स्थित १५ शैया अस्पताल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यस बाट निकट आर्थिक बर्षमा आधारभुत स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुने छ। बिभिन्न वडामा रहेका स्वास्थ्य ईकाइको सुदृढीकरणको लागि स्वास्थ्य ब्यवस्थापन शिर्षक अन्तर्गत बजेट बिनियोजन भईरको छ।साथै अत्यावश्यक औषधी ब्यस्थापन, न्यूनतम जनशक्ति परिचालनबाट सार्बजनिक स्वास्थ्य सेवाको उपलब्धतामा स्थानीय जनताको पहुँच स्थापित भएको छ ।१९ जना स्वयं सेवक शिक्षक र १३ जना बालबिकास शिक्षक तथा स्थायी दरबन्दि परीपुर्ती मार्फत शिक्षक बिद्यार्थी अनुपात मिलानको प्रयास भएको छ । कार्यालय बाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, कृषि, पशु, पञ्जिकरण, बिपद् ब्यवस्थापन आदिमा सूचना प्रविधिको प्रयोगलाई क्रमशः बिस्तार भएको छ ।

विकासका विभिन्न क्षेत्रमा सरोकारवाला सबैको संलग्नता र चासो बढ्नु सकारात्मक पाटो हो । बिशेष गरी दलित, महिला, पिछडिएको बर्ग तथा युवाहरूको संलग्नता बढेको छ। युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि आधारभुत खेल संरचनाहरुको निर्माण भई बिभन्न प्रतियोगिताहरु बढेको र गाउँपालिकाले स्रोत साधनको सिमितताका बाबजुत सहकार्य गरी रहेको छ । यसका लागि बिभिन्न खेलकुद प्रतियोगिताहरु, बिशाल बजारमा खेलकुद मैदान बिस्तार र स्तरोन्ती तथा बिभिन्न बिद्यालयहरुमा खेलकुद मैदान निर्माण कार्य भएका छन् ।

रोग किरा नियन्त्रणका लागि आकस्मिक बालि संरक्षण सेवा सञ्चालन र ढुसी नासक, किट्नासक बिषाधी बितरण गरीएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाले साझेदारी गरी स्थानीय अनुकुलन बिकास निर्माण, बिकासमा सहभागीता र रोजगारी सृजनाको कार्यलाई नियमित गरेको छ। यसबाट रोजगारी सृजना भएको छ।

**बित्तीय प्रगतीको समिक्षाः**

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापन लाई समेट्नेगरी स्थानीय नीतिगत ब्यवस्था भएको छ ।यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तारका लागि सरोकारवाला पक्ष सँग बिभिन्न चरणहरुमा छलफल भई सहकार्यको लागि पहल कदमी भएको छ ।जल जमिन सम्बन्धी कानुन तर्जुमा भइ समग्र वातावरणको बिकास र ब्यवस्थापनको लागि प्रक्रिया अगाडि बढेको छ । नेपाल जलबायू परीवर्तन सहयोग कार्यक्रम २ (दुई) कार्यन्वयन भइरहेको छ ।गाउँपालिकामा रहेका ५६ सामुदायिक वनमा उपयोग र संरक्षणसहितको कार्ययोजनालाई गाउँपालिका सँगको सहकार्यमा पहल कदमी अगाडी बढाई वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ । दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित ब्यवस्थापन गर्नका लागि सरकारी तथा गैर सरकारी संघ सस्था सँग आवश्यक समन्वयको थालनी भएको छ।

**सुशासन तथा संस्थागत विकास (कानूनी-व्यवस्था, राजश्वपरिचालन, संगठन-संरचना, सार्वजानिक-निजी-साझेदारी एवं समन्वय) भएका उपलब्धी**

हाल सम्म यस गाउँपालिकामा १० वटा ऐन (नियमावली सहित) र ११ वटा कार्यविधि (निर्देशिका सहित ) तर्जुमा भई सोही मुताबिक बिषयगत कार्य सञ्चालन भईरहेको छ। चालु आर्थिक वर्ष भित्र थप एक (१) वटा ऐन र ८ (आठ) वटा कार्यबिधिहरु निर्माण तथा स्विकृत भई प्रशासकीय कार्य सरलीकृत भएको छ । साथै प्राकृतिक स्रोत साधन(ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् संकलन र बितरण सम्बन्धी कार्यबिधिले यस गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीमा टेवा पुगेको छ । यसका साथै खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी बिधेयक-२०८० र जल जमिन संरक्षण उपयोग तथा ब्यवस्थापन सम्बन्धी बिधेयक २०८० को मस्यौदा अन्तिम चरणमा पुगेको छ । सामुदायिक बिद्यालय एकिकरण समायोजन तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधी द्धारा गुणस्तरीय शिक्षाको पहल कदमी अगाडी बढेको छ । बिषयगत शाखाका कार्य प्रगतिलाई आन्तरिक नियन्त्रण प्राणाली मार्फत ब्यवस्थित गर्ने कार्यको प्रारम्भ भएको छ । प्रशासनिक नियन्त्रण सञ्चालन र ब्यस्थापनलाई सुचना प्रणालीमा आवद्ध गरिएको छ । राजस्व ब्यवस्थापन, सार्बजनिक सम्पति ब्यवस्थापन प्रणाली, एकिकृत शैक्षिक बिकास सुधार प्रणाली, सामजिक सुरक्षा तथा पञ्जिकरण ब्यवस्थापन प्रणाली स्थानीय सञ्चित कोष ब्वस्थापन प्रणालीले समग्र प्रशासनिक तथा आर्थीक क्रियाकलापमा अनुमान योग्यता कायम गरेको छ ।

**(च) आगामी आ.व. को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. आर्थिक विकास सम्बन्धी नीतिहरु :**

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ ।यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरणसम्म) मा गाउँपालिका, निजी क्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन्।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ ।यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरण को विकास गर्न गाउँपालिका ले नीजि क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदायसमेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

३. नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्ट अप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ ।यस अन्तर्गत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नवउद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन।

**(क) उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

**उद्दोग वाणीज्य तथा आपूर्ती**

१ १० वटै वडामा संचालनमा रहेका उद्योग तथा व्यवसायहरुलाई दर्ता प्रकृयामा ल्याउनका लागी सम्बन्धित वडामा दर्ता नविकरण घुम्ति शिविर संचालन गर्ने ।

२ बजार अनुगमन समिति गठन गरी बर्षमा कम्तिमा ६ पटक बजार अनुगमन गर्ने ।(२ महिनामा १ पटक अनिवार्य गर्ने ।)

३ उद्यम गर्न चाहने बेरोजगार, विपन्न वर्गका मानिसहरुलाई सिप विकास तालिम प्रदान गरी व्यवसाय संचालन गर्न सहजिकरण गर्ने ।

४ चौकुनेका उद्यमी व्यवसायीहरु सँग बस्तु, उत्पादन र बजारीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गर्ने ।

५ नेपाल सरकारको नीति कार्यक्रम अन्तर्गत स्थानीय औधोगिक ग्राम क्षेत्र चौकुने ५ मा रहेको र पालिकाले डिपीआर अनुसार औधोगिक ग्राम क्षेत्रको अधुरो कार्य अगाडी बढाउनका लागि संघ प्रदेश सरकारसँग योजना माग गरि आवश्कयक कार्य अगाडी बढाईनेछ ।

६ आधारभुत सिलाई तालिम लिएका उद्यमीहरुलाई तालिम प्रदान गरी व्यवसाय विस्तारमा सहयोग गर्ने ।

७ विपन्न वर्गका एकल महिला, उद्यमी महिला, सिपमुलक प्रमाणपत्र भएका महिलाहरुको उद्यम व्यवसाय विस्तार र सुधारका लागी १० प्रतिशत लागत साझेदारीमा प्रविधि सहयोग गर्ने ।

८ परम्परागत सिपमुलक व्यक्तिहरुलाई सिपको परीक्षण गरि प्रमाणपत्र दिईने व्यवस्था मिलाईनेछ ।

९ स्थानिय मदिराको प्रवर्धनका लागी ल्याबेलिङ, प्याकेजिङ तथा बजारीकरण गर्ने नीति अङ्गिकार गरिनेछ ।

१० संघिय सरकारको गाँजा खेतिलाई प्रोत्साहन गर्ने नीतिलाई अंगिकरण गरिनेछ ।

११ गाउँपालिका क्षेत्र भरी सञ्चालनमा रहेका साना तथा घरेलु उद्योगहरुको अभिलेखी करण गरि त्यस्तो उद्योगहरुको प्रर्वद्धन गर्ने नीति लिइने छ ।

**१२** लगानी मैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटन को विकासको नीति लिइनेछ।

**१३** वैदेशिक रोजगार बाट अनुभब सिप क्षमता सहित फर्केका उद्यमीहरुसँग सहकार्य गरी उत्पादन र रोजगारीका क्षेत्रमा प्राथमिकता प्राप्त कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**१४** सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थल सम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँचका लागि पहल गरिने छ ।

**१५** पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

**१६** गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गर्न संघ सरकार तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।

**१७** जलयात्राको प्रबल सम्भावना रहेका कर्णाली र भेरि नदिमा जलयात्रा व्यवसायको प्रोत्साहनका लागी विभिन्न कार्यक्रम हरू सञ्चालन गरिनेछ ।

(ख) कृषि

१.तरकारी र फलफुल खेती प्रोत्साहन, उत्पादन र प्रवर्दन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२.च्याउ उत्पादन, आलुको बिउ उत्पादन कार्यक्रममा ५०% अनुदान दिई प्रवर्धनमा जोड दिईने छ ।

३. चौकुने गाउँपालिकाको वडा न. ५ लाई प्याजको पकेट क्षेत्र घोषणा गरिनेछ ।

४. चौकुने गापाको ३ लाई सुन्तला उत्पादन पकेट क्षेत्र, वडा नं. ६,७,८ लाई तरकारी पकेट र वडा न.१,२,४ लाई खाध्यान्न बालि उत्पादन पकेटको रुपमा बिकास गरिने छ।

५. सबै वडालाई फलफुल खेतीहरु जस्तै : सुन्तला ,आँप ,लिचि, केरा र ड्राागन बालि उत्पादनमा बिसेष प्रोत्साहन कार्यक्रम निरन्तरता दिईनेछ ।

६. वडा नं ५ र ६ मा कफि खेति, वडा नं. ९ र १० मा कपास मम्फली खेतिको बिस्तार गरिने छ ।

७. अदुवा र वेसारको उत्पादन र बजारिकरण गरिने छ।

८. किसानलाई बिउ उत्पादक र सहकारी र समुहलाई बिउ बैङकको रुपमा बिकास गरिने छ।

९. १० वटै वडामा घोषणा गरिएबमोजिमका कृषि तथा फलफुल उत्पादन गर्ने किसानलाई तालिम प्रदान र बिउ बितरण गरिने छ।

१०. कृषि यान्त्रिकरण र बजारिकरणमा अनुदानको व्यवस्था मिलाईनेछ।जस अन्तर्गत मिनिटिलर लगायतका कृषि औजार, उपकरण बितरण गरि लागत घटाएर किसानको समय र श्रम कम गरि उत्पादनमा टेवा पुग्ने छ। र साथै बस्तुको ढुवानि खर्च वाफत अनुदान दिई किसानलाई कृषि वस्तु उत्पादनमा प्रोत्साहन गरिने छ।

११. अन्नवाली । नगदेवाली उत्पादन गरि विक्रि गर्ने कृषकलाई विक्रि गरिएको कृषि उपजको मात्रानुसार अनुदान दिईने व्यवस्था मिलाईनेछ ।

१२. नगदे बालीको उत्पादन बढाउन विउ विजनको व्यवस्था मिलाईनेछ ।

१३. स्थानिय मकै, बदाम, कोदो ,सिमि लगायतका रैथाने बालि प्रबर्दन कार्यक्रम सन्चालन गरि चौकुनेमा रहेका किसानका स्थानिय बालि र जातको सरक्षण र उत्पादन गरिने छ।

१४. मह उत्पादन र प्याकेजिङ गरि महलाई चौकुने ब्राण्डको रुपमा बजारिकरण गरिने छ।

१५. किसान समुह र सहकारीमा कृषि पाठशाला सन्चालनमा जोड दिइने छ।

१६. जैबिक बिषादी र झोल मल बनाउने तालिम र सामाग्रीको व्यवस्था मिलाईनेछ ।

१७. १० वटै वडाहरुबाट माटोको नमुना संकलन गरि माटो परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१८. .तरकारी खेती गर्ने कृषकलाई टनेलको व्यवस्था मिलाईनेछ ।

१९. फलफुल र तरकारी बाली उत्पादन गर्ने किसान समुह र सहकारीलाई साना सिचाई कार्यक्रम सञ्चालनको व्यवस्था मिलाईनेछ ।

२०. खाध्यान्न उत्पादनमा चौकुनेलाई आत्मनिर्भर बनाउन ५० लागत साझेदारीमाधान र गहुँको उन्नत बिउ बितरण गरिनेछ।

२१. तोश्रा मायाताल बृहत सिचाई योजनाका लागि कर्णाली नदी केवडी देखी लिफ्ट सिचाईका लागि डिपीआर गरि संघ प्रदेश सरकार समक्ष योजना अगाडी बढाउनका लागि पहल गरिनेछ ।

**ग) पशुपंन्छी**

१ उन्नत जातका घाँसको बिउ बितरण गरिनेछ ।

२ गाई भैंसी पाल्ने किसानलनई चारा मेशिनमा अनुदान दिईनेछ ।

३ प्रत्येक वडाका विकट ठाउँमा पनि पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

४ रेविज रोगलाई नियन्त्रण गर्न सामूदायीक छाडँ कुकुरहरुलाई बन्ध्याकरण कार्यक्रम संचालन गरिनेछ ।

५ पशुपंक्षीको नश्ल सुधारको व्यवस्था मिलाईनेछ ।

६ १० वटै वडाहरुमा पशुपंक्षी प्रदर्शन कार्यक्रम संचालन गरि उत्कृष्ठ पाईएका किशानलाई प्रोत्साहन कार्याक्रम ल्याएकोछ ।

७ पशुपंक्षीलाई स्वस्थ राख्नकालागि उपयूक्त औषधिको व्यवस्था मिलाईनेछ ।

८ मत्स्य प्रवर्धन र भकारो सुधार कार्यक्रमलाई विस्तार गरिनेछ ।

**(घ) सहकारी**

१. COPOMIS सम्बन्धि तालिमः चौकुने गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सवै सहकारी संघ संस्थाहरुलाई COPOMIS प्रणालिमा आवद्ध गरीसहकारी तथा गरिवी निवारण सम्बन्धि व्यवस्थापन सूचना प्रणाली मार्फत सहकारी क्षेत्रको सुचना, तथ्यांकहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाई व्यवस्थापन सूचना प्रणालीमा आधारित अनुगमन, sनियमन पद्धति स्थापित गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिने छ ।

२. **सहकारी लेखा तथा व्यवस्थापन तालिमः**चौकुने गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सवै सहकारी संघ संस्थाहरुलाईनियमित, विश्वसनिय, वास्तविक बनाउन र सहकारीको लेखा प्रणाली लाई चुस्त दुरुस्त राखि बिद्दमान सहकारी क्षेत्रमा देखिएका समस्यालाई न्यूनिकरण गर्न कार्यक्रम सञ्चालन गरिने छ ।

३. **सहकारी अनुगमन तथा निरिक्षणः**चौकुने गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सवै सहकारी संघ संस्थाहरुलाई नियमन तथा अनुगमन गरी सहकारी संस्था सहकारीका निति ,बिधि ,सिद्धान्त ,नियम , नियमावली अनुरुप चले नचलेको र सहकारीमा सहकारीपन भए नभएको ,कार्यविधिकुरा पत्ता लगाई सहकारी सम्बन्धी ठगी जालसाजी जस्ता कार्य हुन नदिन सहकारी अनुगमन तथा निरिक्षण ,

मार्फत पत्ता लगाई माथि उल्लिखित कार्यक्रमबाट संस्थाहरुलाई नियमित, विश्वसनिय, वास्तविक बनाईनेछ ।

४. **सहकारी दिवशः** सहकारी दिवशको उपलक्ष्यमा चैत्र २० गते सहकारी दिवशको दिन सम्पुर्ण सहकारी संघ संस्थाका कर्मचारी वा पदाधिकारीलाई बोलाई एक दिने सहकारी का बिद्यमान समस्या ,चुनौति र ति समस्या र चुनौति पार गर्न आवश्यक नितितथा कार्यक्रमका बारेमा छलफ गरिने छ ।

५. सरकारीका शेयर सदस्यहरुलाई उत्पादन क्षेत्रमा प्रोत्साहन गर्न उत्पादित सामानको बजारीकरण गरिने व्यवस्था मिलाईनेछ ।

**(ङ) भूमी ब्यवस्थापन सम्बन्धी नीतिः**

१. राष्ट्रिय भूमी आयोग, जिल्ला समिति र गाउँपालिकाको सम्बन्वय, सहकार्य र साझेदारीमा भूमी सम्बन्धी समस्या समाधान गर्न बिशेष पहल कदमी अगाडी बढाईने छ ।

२. भूमीहिन दलित भूमीहिन सुकुम्बासी र अब्यवस्थित बसोबासको उचित सम्बोधा गर्न यस गाउँपालिका अन्तर्गत गठीत भूमी इकाईलाई योजना गत तथा प्रक्रियागत ढङ्गबाट अगाडी बढाउन कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

३. कार्य योजनाले लक्षित गरेका लक्ष्य र उद्देश्य परिपुर्तिका लागि थप जनशक्ति ब्यवस्थापन मार्फत लक्षित समुहको हातमा जग्गा धनी प्रमाण पत्र पुर्याउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

४. सार्बजनिक सम्पति बाटोघाटो बनजङ्गल पोखरी सरकारी तथा ऐलानी जग्गा तथा अन्य सम्पतिहरुको अभिलेखीकरण गरि संरक्षण र उपयोगको लागि आवश्यक ब्यवस्था गरिने छ ।

**(च) रोजगार**

१. पालिकामा बेरोजगारहरुको सूची तयारी तथा उनीहरुको १०० दिनको रोजगारी प्रदान गरिनेछ ।

२. गाउपालिको बिद्यमान रोजगारीको अवस्था र भविष्यमा आवश्यक सीप र रोजगारीको आंकलन सहित प्रोफाइल तयार भएको हुनेछ ।

३. पलिकामा आर्थिक वर्ष २०८१ ।८२ मा सन्चालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत का बिकास निर्माण का काम हरु मा गाउँपालिका ले साझेदारि गरि बिकास निर्माण दिगो र गुणस्तरिय बनाइने छ ।

४. पालिकामा रहेका सम्पुर्ण बेरोजगार हरुको लगत संकलन गरि उनिहरुको सिप ,योग्यता तथा अनुभव का आधारमा रोजगार प्राप्ति का लागि सहजिकरण गरिनेछ ।

५. पालिकामा स्थानीय श्रम सवत्रेषणको आधारमा आवश्यकता पहिचान गरिएको हुनेछ ।

६. पालिकामा रोजगारदताको संख्या, रोजगारीको संख्या लगातयका तथ्यांकहरु संकलन भएको हुनेछ ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा यस्ता युवाहरुलाई आकर्षित गर्ने नीति लिइने छ।

**(छ) राजस्व तथा आन्तरिक श्रोत**

१. बजार अनुगमन, कर शिक्षा र राजश्व सम्बन्धी विभिन्न चरणमा तालिमहरु संचालन गर्ने व्यवस्था मिलाईएको छ ।

२. करको दायरा बढाउन सबै खालका व्यवसायलाई अनिवार्य रुपमा करको दायरामा ल्याउने बातावरण अबलम्बन गरिनेछ ।

३. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावलीको आवश्यक परिमार्जन गरि संसोधन गरि राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइने छ।

४. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदारसंग परामर्श, समन्वय, रसाझेदारी गरिनेछ।

५. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

६. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धि का लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

७. कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

८. करदाताको करलगत लाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ।

**२. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षक विद्यार्थी अनुपात, विद्यालय विचको दुरी, भौतिक पुर्वाधारको अवस्था समेतलाई मध्यनजर गरी नीतिगत तथा कार्यगत व्यवस्था मार्फत बिद्यालय गाभ्ने )Merge) तहगत कक्षा घटाउने र आवासीय बिद्यालयको अवधारणालाई निरन्तरता दिइने छ ।तह तथा कक्षा समायोजन भएका विद्यालयहरुलाई दिइने प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइ विद्यार्थीहरुका लागि पोशाक तथा स्टेशनरी वितरण गरिनेछ ।यसै आर्थिक वर्षमा वालविकास केन्द्रको नक्सांन गरि पुन वितरणको कार्य गरिने छ ।

२. **" शैक्षिक सामग्री समाऔं" कक्षा कोठमा रमाऔं"** भन्ने नारालाई सार्थक बनाउन वालविकासका कक्षाकोठालाई छापामय बनाउने कार्यक्रमलाई निरन्तारता दिइने छ ।वालविकास शिक्षकको शैक्षिक सामग्री निर्माण गर्न क्षमता विकास तालिमका संचालन गरिने छ । स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री निर्माण गरि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा सहजता अपनाउन रकम विनियोजन गरिने छ ।

३. बालिबालिकाको उपस्थितिको दरलाई बढाइ विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउनका लागि यस गाउँपालिकामा क्रियाशिल विकास साझेदार संघसस्थाहरुको साझेदारीमा अभिभावक शिक्षा संचालन गरिने यसका लागि साझेदारी गरिने छ ।

४. प्रभावकारी विद्यालय व्यवस्थापन र सुशासन कायम गर्नका लागि विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारी क्षमता विकास गर्ने र शिक्षाको गुणस्तरमा सुधार ल्याउनका लागि जनप्रतिनिधी, अभिभावक र सरोकारवालाका विचमा समन्वय र सहकार्य गरिने छ ।

५. **"समयमै भर्ना, समयमै ज्ञान" गुणस्तरीय शिक्षा चौकुनेको अभियान"** नारामा साथ दश वटै वडा संचालन भएका सामूदायिक विद्यालयमा भर्ना अभियान संचालन गरिने छ । भर्ना भभियानमा सरोकारवाला निकाय, अभिभावक, शिक्षक कर्मचारी तथा जनप्रतिनिधी परिचालन गरिने छ ।यसमा विकास साझेदारहरुसंग आवश्यक समन्वय गरिने छ ।विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरि विद्यालयमा ल्याउनेका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।

६. प्रभावकारी र विश्वसनीय परीक्षा प्रणालीबाट मात्र शैक्षिक गुणस्तरमा सुधार गर्न सकिने भएकाले कक्षा ८ को परीक्षा र सिकाइ उपलब्धी परीक्षा संचालन कार्यक्रमलाई निरन्तरता दिइ विद्यालय स्तरमा संचालन गरिने परीक्षाहरुलाई पालिका स्तरमा संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

७. बाबाआमा र अभिभावकको अभाव र गरिबीका कारण पढन पाउने अधिकारबाट बञ्चित हुन नपरोस भन्ने अभिप्रायले गरिब, विपन्न, असाय, असक्त र अपांग बालबालिकालागि मावि सान्नेघारी आवासिय सुविधासहितको छात्राबास र अशक्त अपांगहरुका लागि जीवन ज्योति मा विमा आवासिय सुविधासहित संचालन भएका कार्यक्रमलाई निरन्तरता दिइ समय सापेक्ष अनुदान रकममा वृद्धि गरिने र अन्य अपांग विद्यार्थीहरुका लागि मागमा आधारित सहयोगको गर्न रकम विनियोजन गरिने छ ।

८. **"विद्यालयमै टिकाउन, रमाइ रमाइ सिकाउन"** विगतका वर्षहरुमा निर्माण गरिदै आएको चिप्लेटी र पिङ निर्माणलाई यो वर्ष पनि निरन्तरता दिइने छ । जलवायु परिवर्तनको संरक्षण गरि विद्यालयको वातावरणलाई हरियाली बनाउनका लागि हरित विद्यालयको नीति अवलम्बन गरि बजेटको व्यवस्थापन गरिने छ ।

९. योगि नरहिनाथ बन विज्ञान क्याम्पस चौकुने ५ को डिपीआर अनुसार पूर्वाधार निर्माण कार्यका लागि संघ प्रदेश सरकार समक्ष नीति कार्यक्रम अनुसार सम्वोधन गरि अगाडी बढाईनेछ ।

१०. आगामी शैक्षिक सत्रमा विद्यालयस्तरका कार्यक्रमहरुकालाई व्यवस्थित र प्रभावकारी बनाइ सबै विद्यालयहरुमा एकरुपतता कायम गर्नका लागि शैक्षिक पत्रो पात्रो प्रकाशनलाई निरन्तरता दिइने छ ।शिक्षा शाखाबाट सम्पादन भएका हरेक काम कार्बाही तथा विद्यालयमा निकासा भएका रकमको बारेमा

आम जनतालाई जनाकारी गराइ पार्दशिता र सुशासन कायम गर्न शिक्षा शाखाको वार्षिक प्रगति प्रतिबेदन प्रकाशन गरिने छ ।

११. विभिन्न महामारीका कारण विद्यालय शिक्षामा भएको  शैक्षिक क्षतिको पहिचान गरि शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न ReAL PLAN को प्रभाबकारी कार्यान्वयन गरिने छ । तल्ला कक्षाहरुमा TaRL कक्षालाई प्रभाबकारी कार्यान्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

१२. विद्यार्थीहरुलाई किताबी ज्ञानको साथसाथै अन्तरनिहित क्षमताको विकास गर्नका लागि विद्यालय स्तरी खेलकुद तथा अतिरिक्त कार्यकलाप संचालन गरिने छ । विद्यार्थीको सिर्जनात्क क्षमताको विकास गरि प्रदर्शनमा ल्याउनका लागि पालिका स्तरीय विद्यार्थीको प्रतिभा पर्दशन कार्यक्रम संचानल गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने ।

१३. खाली समयको सदुपयोग गरि पढ्ने बानीको विकास गर्नका लागि **चौकुने पुस्तकालयको** स्थापना गर्न रकम विनियोजन गरिने छ । यस कार्यमा आवश्यक सहयोगका लागि सरोकार राख्ने व्याक्तिहरुसंग समन्वय र सहकार्य गरिने छ ।

१४. **"शिक्षाको गुण स्तरमा सुधार, हामी सबैको प्रतिद्धता"** भन्ने मूल नाराका साथमा विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनका लागि विषयगत शिक्षक समूह, जनप्रतिनिधी, विद्यालय व्यवस्थापन समिति, कर्मचारी र अभिभावक विचमा सामूहिक शैक्षिक अनुगमन प्रणालीको अबलम्बन गरिने छ ।

१५. वर्तमान समयमा युवा तथा विद्यार्थीहरुमा झागिदै गएको लागु पदार्थ दुर्व्यशनीको प्रभावलाई न्यूनिकरण गर्नका लागि विद्यालय तथा समूदायमा लागु पदार्थ दुर्व्यसनी सचेतना कार्यक्रम संचालन गरिने छ ।

१६. शिक्षण सिकाइका क्रममा विद्यार्थीमा देखा पर्ने मनोवैज्ञानिक समस्याको समाधान गर्नका लागि विद्यार्थी मनोविज्ञान परामर्श र शिक्षकहरुका लागि मनोसामाजिक परामर्श तालिम संचालन गरिने छ ।

१७. विद्यार्थीको हौसला बढानका लागि शैक्षिक सत्र २०८० मा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई शिक्षा दिवस २०८१ दिनमा सम्मान गरिने छ ।

१८. विद्यालयका भौतिक संचनाहरु क्रमिक रुपमा अस्थायीबाट स्थायी बनाउदै लगिने छ । यसका लागि एक विद्यालय एक पक्की भवनको नीति लिइने छ । विद्यालयको फर्निचर तथा मर्मत सम्भार गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरिने छ ।

१९. सार्वजनिक तथा उच्च शिक्षामा समान पहुँच कायम गर्नका लागि विपन्न दलित, लोपोन्मुख र अति विपन्न छात्राहरुका लागि उच्च शिक्षा अध्ययन छावृत्ति र दलित तथा विपन्न महिलाका लागि सार्वजनिक सेवाको पहूँच पुर्याउनका लागि बजेट व्यवस्थापन गरिने  छ ।

२०. विद्यालय शिक्षामा कार्यरत जनशक्तिको क्षमता विकास गर्नका लागि EMIS, लेखा, SIP, विषयगत शिक्षक तालिम र एकीकृत पाठ्यक्रम सम्बन्धी मूल्यांकन तालिम संचालन गरिने छ ।

२१. नमुना विद्यालयले गरेका असल अभ्यासको आदान प्रदान गर्नका लागि सरोकारवालहरुको नमुना विद्यालय अध्ययन भ्रमण कार्यक्रम संचालन गरिने छ ।

२२. विद्यालयमा न्यूनतम तलब भत्तामा काम गरिरहेका स्वयंसेवक शिक्षकहरुको मासिक तलबमा २ हजार वृद्धि गरिने छ ।गाउँपालिका बालविकास र स्वयंसेवक शिक्षकहरुको पोषाक भत्ताको लागि रकम विनियोजन गरिने छ ।अति आवश्यक विद्यालयमा थप स्वयंसेवक शिक्षकको व्यवस्था मिलाईनेछ ।

२३. विद्यालयलाई सुचना प्रविधी मैत्री बनाउनका लागि एक विद्यालय एक ल्यापटप कार्यक्रम कार्यान्वयनका ल्याइने छ।साना कक्षाहरुमा स्मार्ट टिभीबाट शिक्षण गर्नका लागि कार्यक्रम रकम विनियोजन गरिनेछ ।

२४. सामूदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको विद्यालयमै गएर स्वास्थ्य परिक्षण गरिने छ।दिर्घ रोग भएकाहरुका विद्यार्थीहरुलाई सम्बन्धित स्वास्थ्य संस्थामा लैजानका लागि रकम बिनियोजन गरिने छ ।

२५. गाउँपालिकामा संचालन भएका सामूदायिक विद्यालयहरुमा शुद्ध पिउने पानीको व्यवस्थापन गरिने छ । विद्यालयको जग्गा पहिचान गरि सबै विद्यालयहरुलाई जग्गाको प्रमाण पत्र प्रदान गर्नका लागि जनशक्तिको परिचालन गरिने छ ।

२६. कक्षा पाँचको अन्तिम परिक्षा वडा स्तरमा सञ्चालन गरिनेछ ।

२७. कक्षा १० सम्म सञ्चालन भएको विद्यालयमा एक जना कम्प्यूटर शिक्षकको व्यवस्था मिलाईनेछ ।

**(ख)** स्वास्थ्य

१. चौकुने गाउँपालिका अन्तर्गतका स्वास्थ्य तर्फका करार कर्मचारीहरुको सेवा सुविधा क्रमश बढाइनेछ ।

२. उपाध्यक्ष कोशेली कार्यक्रम अन्तर्गत गर्भवति आमाहरुलाई प्रोटोकल अनुसार गर्भजाँच लाइ निरन्तरता दिन प्रोत्साहनका बिविध कार्यक्रम संचालन गरिनेछ ।

३. चौकुने गाउँपालिकामा सतप्रतिसत संस्थागत सुत्केरी बनाउन बर्थिगं सेन्टर ब्यवस्थित गरिनुका साथै अवश्यकता अनुसार बर्थिगं सेन्टर थप गरिनेछ ।

४. गर्भवति तथा प्रसुति अवस्थामा हुने जटिलाताई ब्यवस्थापन गर्न एम्बुलेन्स सेवालाई पंभावकारी बनाइ एम्बुलेन्स सेवा शुल्कमा छुट दिइनेछ ।

५. पालिका अन्तर्गतका प्रयोगशाला हरुलाई गुणस्तरिय बनाई थप प्रयोगशाला स्थापना गरिनेछ ।

६. फोहर मैला ब्यवस्थापनका लागी सार्वजनिक स्थानमा डस्टविनको ब्यवस्था गरिनुका साथै पालिका स्तरिय डम्पिगं साईटको ब्यवस्था गरिनेछ ।

७. भिडभाड हुने सार्वजनिक स्थानमा सार्वजनिक सौचालय तथा प्रतिक्षालयको स्थापना गरिनेछ ।

८. स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँच विस्तार गर्न एम्बुलेन्सको भाडा दर घटाईनेछ ।

९. प्लाष्टिक जन्य फोहर मैला ब्यवस्थापन गर्न प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरी बाताबरण मैत्री झोलाको प्रयोलाई प्रोत्साहन गरिनेछ ।

१०. शारिरिक रुपमा अपागं भएका बालबालिकाहरुको उपचार र ब्यवस्थापनका लागि अपागं बाल अस्पताल बनेपा काभ्रे संग साझेदारी गरी नशुल्क उपचारकव ब्यवस्था मिलाईनेछ ।

११. अति बिपन्न परिवारका दिर्घ रोगीको उपचारका लागी आर्थिक सहायता उपलब्ध गराईनेछ ।

१२. चौकुने गाउँपालिकाका दुर्गम भेगमा आवश्यकता अनुसार बिशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१३. सुर्तिजन्य पदार्थ ,मादक पदार्थ ,लागु पदार्थ दुर्व्येशनीमा प्रयोग हुने बस्तुहरुको उत्पादन, ओसार पसार तथा प्रयोग गर्न निरुत्साहित गरी जनचेतना मुलक कार्यक्रम संचलान गरिनेछ ।

१४. महिलाहरुको आँग खस्ने समस्या को निदान तथा उपचारको ब्यवस्था मिलाईनेछ ।

१५. पालिकाका स्वास्थ्य चौकीहरुबाट नियमित रुपमा मानसिक स्वास्थ्य सेवा प्रदान गरिनुका साथै अवश्यकता अनुसार बिशेषज्ञ स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१६. उच्च रक्तचाप ,मधुमेह, मृगौला रोग, मुटु रोग ,अर्वुद रोग, मोटेपना जस्ता नसर्ने रोगहरुको समुदाय स्तरमै गई निदान उपचार र प्रेषण गर्न एकिकृत अभियान संचालन गरिनेछ ।

१७. स्वास्थ्य संस्था बाटख निशुल्क रुपमा बितरण गरिने औषधीको कमी हुन नदिन नियमित आपुर्ति गरिनुका साथै थप औषधीका लागी संघ र प्रदेश सरकार संग समन्यव गरिनेछ ।

१८. महिलाहरुको प्रजनन् स्वास्थ्य अधिकारको सुनिश्चित गर्न निशुल्क सुरक्षित गर्भपतन सेवाको सुरुवात गरिनेछ ।साथै गर्भवति आमाहरुका लागी निशुल्क ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमलाइ घुम्ति शिविरको माध्यम बाट वडा स्तरमा स्वास्थ्य संस्था सम्म पुरयाइनेछ ।

१९. बिधालय संगको सहकार्यमा बिधालय स्वास्थ्य शिक्षा तथा बिधार्थिको प्रारम्भिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिनेछ ।

२०. गाउँपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा बिधुतिय अनलाइन प्रतिबेदन ( DHIS 2, eLmis ) लागु गरिनुका साथै स्वास्थ्य चौकी तहमा बिधुतिय अभिलेख तथा प्रतिबेदन प्रणाली (EHIRRS ) सेवाको सुरुवात गरिनेछ ।

२१. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवम् परिणाम मुखी बनाइनेछ ।

२२. समुदाय स्तरका स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आमा समुह सक्रिय बनाउन स्वयमसेविका र स्वास्थ्यकर्मी परिचालन गरिनेछ।

२३. महिला स्वास्थ्य स्वयम सेविकालई उपलब्ध गराउँदै आइएको प्रोत्साहन रकमलाई निरन्तरता दिईनेछ ।

२४. गाउँपालिका अन्तर्गतका नागरिकहरुको उपचारका लागी सवै नागरिकहरुलाई स्वास्थ्य विमा कार्यक्रममा आबद्ध गराउने निति अवलम्बन गरिनुका साथै अति बिपन्न बर्गका लागी निशुल्क स्वास्थ्य बिमा गरिनेछ।

२५. आँखा नाक कान र मुख स्वास्थ्यका लागी बिभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२६. मानसिक वा मनोसामाजिक अपागंता भएका ब्यक्तिहरुलाई आवश्यक पर्ने औषधी तथा मनोपरामर्श सेवा निशुल्क उपलब्ध गराईनेछ ।

२७. मनोसामाजिक अपागंता भएका ब्यक्तिहरुलाई प्रचलित कानुन अनुसार अपागंता परिचय पत्र बितरण गरिनेछ ।

२८. आयुर्वेद सेवालाई बिस्तार गरी बिधालय तथा समुदायमा योग ध्यान सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

**ग) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम:**

१. महिलाहरुलाई आत्मनिर्भर गराउन आयआर्जनमूलक सिपविकास तालिम संचालन गरी उद्धमी बनाउने।

२. बालमैत्री स्थानीय शासन प्रर्वद्धनलाई प्राथमिकता दिँदै बालमैत्री वडा घोषणा प्रक्रिया अगाडी बढाईनेछ।

३. कार्यालयबाट प्रवाह हुने सेवा र भौतिक संरचना निर्माण गर्दा पहुँचयुक्त बनाइनेछ।

४. गाँउपालिका तथा वडास्तरिय बालसंजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

५. विहेवारी २० वर्ष पारी भन्ने वाक्यलाई सार्थक बनाउन बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गरी बालविबाह मुक्त पालिका बनाउने अभियान संचालन गरिनेछ।

६. गाँउपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।

७. अपाङ्गता पुर्नस्थापनाको लागी संचालीत पुर्नस्थापना गृहहरुको आवश्यक सुदृढिकरण गरिनेछ।

८. जेष्ठ नागरिकका अनुभव आदानप्रदान तथा भेटघाटको लागी जेष्ठ नागरिक संजाल गठन गरी दिवा सेवा केन्द्र तथा ज्ञान हस्तान्तरण केन्द्र संचालन गरिनेछ।

९. जातिय तथा लैङ्गिक र छुवाछुतको अन्त्य गर्दै जातिय तथा लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वियन गरिनेछ।

१०. बालबिबाह न्युनीकरणका लागि महिला तथा बालबालिका शाखा, बालक्लब तथा अन्य सरोकारवालाहरु संगको समन्वयमा सचेतनात्मक कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

११. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अतिगरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

१२. ऐतिहासिक काल देखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

१३. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

१४. अपाङ्गता पुर्नस्थापनाको लागि सञ्चालित पुनर्स्थापना गृहहरुको आवश्यक सुदृढिकरण गरिने छ ।

१५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१६. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापनाको लागि सरोकार वालाहरुसंग आवश्यक समन्वय गरिनेछ।

१७. “हिंसा मुक्त गाउँपालिका अभियान” संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसा द्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१८. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१९. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा बिशेष प्याकेजको व्यवस्था गरिनेछ।

२०. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई थप प्रभावकारी र ब्यवस्थित बनाईने छ ।

२१. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२२. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ.व. २०८१/८२ भित्र बाल मैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।

**घ) युवा तथा खेलकुद**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. परम्परागत र अनौपचारिक सिप क्षमता र अनुभव हासिल गरेका युवाहरुको कौशलतालाई स्तरीकृत गरी मान्यता प्रदान गर्न सिप परीक्षणको कार्यलाई साझेदारी अवधारणा मार्फत अगाडि बढाईने छ।

४. यसरी सीप परीक्षणबाट उपलब्धहुने जनशक्तिलाई स्थानीय कार्यक्रम तथा आयोजनाहरुमा प्राथमिकताका साथ उपयोग गरिने छ ।

५. युवा उद्यशिलता विकासका कार्यक्रम मार्फत युवा स्वारोजगार कार्यक्रम संचालन गरिने छ ।

६. बेरोगार युवाहरुको बैदेशिक पलायनलाई निरुत्साहित गर्न कृषि तथा पशुपालनको क्षेत्रमार्फत प्रोत्साहित गर्न बिशेष कार्यक्रम सञ्चालन गरिने छ ।

७. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

८. पालिका भित्र रहेका विभिन्न क्लवहरुसँग समन्वय गरि खेलकुद प्रतियोगिता सञ्चालन गर्नलाई व्यवस्थित र नियमित बनाउन खेलकुद क्यालेण्डरको निर्माण गरि सोही अनुसार खेलकुद आयोजना गर्न व्यवस्था मिलाईनेछ ।

९. चौकुने गाउँपालिकाका सबै वडामा क्रिकेटलाई विस्तार गरि तत् पश्चात चौकुने क्रिकेट लिगको आयोजना गरिनेछ ।

(ङ) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमः

१. परम्परागत सिप, कला, भाषा, सस्कृति र पहिचानको संरक्षण सम्बर्धन र बिस्तारको कार्यलाई आर्थिक पक्ष संग समायोजन गरि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।
२. लोपोन्मुख जातजातिले बाल्ने राजी भाषाको संरक्षण र संर्बद्धनमा बिशेष ध्यान दिई सो जातिसंग सम्बन्धित सङ्ग्रालयलय सञ्चालन गरिने र उनीहरुका बालबालिकाहरुलाई शिक्षाको मुल धारमा ल्याउन बिशेष ब्यवस्था गरिने छ ।
३. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।
४. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको
५. लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।
६. गाउँपालिका भित्र आयोजना हुने महोत्सव हरुमा विविध जातीय भेषभुषा कलासाहित्य ,संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

(च) पञ्जिकरण तथा सामाजिक सुरक्षा

१. व्यक्तिगत घटना दर्ता (जन्म, विवाह, बसाईसराई, मृत्यु र सम्बन्ध विच्छेद) दर्ता गर्न र सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारि बनाउन सामाजिक सुरक्षा तथा घटना दर्ताको लागि ईन्टरनेट सेवालाई गुणस्तरिय बनाई सार्वजनिक सेवालाईसर्भसुलभ भर्पर्दो र विश्वसनिय बनाईने छ ।
२. भौगोलिक विकटटा तथा यातायातको असहजता भएकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ९० वर्ष माथिका जेष्ठ नागरिक अपांग अशक्त तथा बालबालिकाहरुलाई वडा नं ८ बाहेक यस पालिकाका सबै वडाहरुको टोलमा घुम्ति बैंकिङ भुक्तानि शिविर मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिईने ।
३. सामाजिक सुरक्षा भत्ताको लागि नयाँ नामावली दर्ता तथा पुराना लाभग्राहीहरुको हकमा नवीकरणका लागि निवेदन पेश गर्दा मिति २०८१/०४/०१ गते देखि राष्ट्रिय परिचयपत्र (National ID) मा आधारित बायोमेट्रिक (Biometric Verification) अनिवार्य गरिने छ।
४. चौकुने गाँऊपालिका भित्रका सबै वडाहरूमा घरधुरि सर्वेक्षण का लागी सफ्टवेयरको प्रयोग गरी एकिकृत तथ्यांक संकलन गरिनेछ ।

३. पूर्वाधार विकास

१ आवधिकयोजना, आवासयोजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२ गाउँपालिकाको भू उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्यब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिने छ।
३ गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

४ गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडकमा पदण्डको समस्यालाई समन्वयगरी समाधान गरिनेछ।

५ गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

**(४) वन, वातावारण तथा विपद् व्यवस्थापन**

१. विपद्जन्य घटनाहरु हुन नदिनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. विपदबाट क्षेती भएका परिवारलाई राहतका लागि राहत प्याकेज ल्याईनेछ । जसमा खाद्य तथा गैर खाद्य सामाग्रीहरु स्थानीय आपतकालिन सञ्चालन केन्द्रमा स्टोर गरि राख्ने प्रबन्ध मिलाउनेछ।

३. विपद् कोषको कामलाई निरन्तरता दिईनेछ ।

४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, स्थानीय विपद् उत्थानशिल योजना लगायतका योजनाहरु अद्यावधीक गर्ने प्रबन्ध मिलाएको छ ।

५. पहिरो गएको ठाउँमा बाँस लगाई भु-क्षय रोक्ने कार्यक्रम गरिनेछ ।

६. यस अघी समग्र गाउँपालिका क्षेत्र खुला दिसा मुक्त घोषणा भइसकेको सन्दर्भमा यसलाई पथ प्रर्बद्धन गर्ने नीति अख्तियार गरिने छ ।

७. यस क्षेत्रमा रहेको महत्वपुर्ण जिवको रुपमा रहेको ओदको बास्थान पहिचान नक्साङ्कन गरि जलिय जैबिक बिबिधता संरक्षणका लागि आवश्य कानुनी ब्यवस्था गरिने छ ।

८. ओद संरक्षण र सहर माछा संरक्षण क्षेत्र घोषणा गरिने छ ।

९. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइने छ।

१०. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्ति को प्रबन्ध मिलाइनेछ।

११. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्य मा निर्माण कार्य अघि बढाइनेछ।

१२. जल पुनर्भरण योजना र वर्षात को पानी संकलन गर्ने प्रविधि लाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

१३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

१४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१५. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिकब्लक, ) गरिनेछ।

१६. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ ।जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।

१८. सामुदायिक बन उपभोक्ता समितिले आफ्नो दर्ता बनको संरक्षण गर्नु मुल दायित्व रहेको छ । जुन सामुदायिक बनले डढेलो मुक्त बन बनाउन सक्छ साथै बृक्षारोपण कार्यक्रम सञ्चालन गर्छ, त्यस्तो बनलाई पुरस्कृत गरिनेछ ।

१९. चोरी, सिकारी, काठ तस्करी तथा आगलागी जस्ता घटनाकलो सूचना दिने व्यक्तिको विवरण गोप्य राखी पुरस्कृत गरिनेछ ।

२०. सामुदायिक बन उपभोक्ता समितिले काठ बेचेर भएको आम्दानीको ५२% रकम वडाको साझैदारीमा बिकास निर्माण कार्यमा खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

२१. चौकुने गाँऊपालिका भित्रका बन क्षेत्रमा आरा मेसिनको प्रयोग को मात्रा बढ्दै गएकाले जङगल क्षेत्रको संरक्षणका लागी तेस्ता आरा मेसिन प्रयोग गर्नु पुर्ब सम्बन्धित नियामक कार्यालयबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाउने व्यवस्था गरिनेछ ।

२२ जंगली जनावर बाट समुदायमा पारेको प्रभाब न्यूनिकरण तथा क्षेतिपुर्तिका लागी आवाश्यक बजेटको प्रवन्ध गरिनेछ ।

(५) सुशासन तथा संस्थागत विकास

क सूचना तथा संचार

१ पत्रकार महासंघ को सहकार्य मा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरु मा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२ स्थानीय टिभि च्यानेल संगको सहकार्यमा सञ्चालित हुने गरि गाउँपालिकाको असल अभ्यासहरुलाई प्रचार प्रसार गरिनेछ।

३ विज्ञापन तथा सूचनामा स्थानीय सञ्चारसंस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४ नागरिकहरुको सूचनाको हक को सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्रि बनाइनेछ।

ख न्याय, कानून तथा मानबअधिकार

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. स्थानिय मेलमिलाप विवादको साटो मेलमिलापको बाटो भन्ने नारालाई सार्थक दिन आवश्यक कार्यक्रम ल्याईनेछ ।
५. सबै वडाहरुमा मेलमिलाप केन्द्र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ ।
६. न्यायबाट बञ्चित भएका र आधारभूत न्याय प्राप्तीका लागि सबैको न्यायीक अधिकारलाई स्थापित गर्न आवश्यक कार्यक्रमहरुको संचालन गरिनेछ ।
७. १०sवटै वडामा रहेका मेलमिलाप केन्द्रमध्ये बढि बिबाद मिलाउनेलाई पुरस्कारको व्यवस्था मिलाईनेछ ।
८. गाउँपालिका अन्तर्गतका मेलमिलाप कर्ताहरुलाई पुन:ताजकिय तालिमको व्यवस्था मिलाईनेछ ।
९. ऐन, कानुन सबैले बुझ्नु भन्ने अभिप्रायले प्रत्येक वडामा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग सार्बजनिक सेवा तथा क्षमता विकास**

१. तुलनात्मक रुपमा भौगोलिक रुपमा विकट मानिएका वडा नं. १, २ र ३ मा सेवा प्रवाहमा सहजता ल्याउनका लागि हप्ताको एक दिन वडा नं. २ स्थित कार्यालयबाट गाउँपालिकाबाट प्रवाह गर्ने सेवालाई घूम्तिसेवाको रुपमा सञ्चालन गरिनेछ ।
२. नीतिगत ब्यवस्था, स्विकृत बार्षिक नीति तथा कार्यक्रम र स्रोतको सुनिश्चितताको आधारमा मात्र योजना तथा कार्यक्रमहरुको सञ्चालन कार्यान्वयन तथा ब्वस्थापन गरिने छ ।
३. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवाकेन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय , सामाजिक आर्थिक अवस्था रोजगारीको अवस्था सहितका विवरणहरुलाई अद्यावधिक गरि विद्युतीय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile)लाई थप सुदृढ बनाइने छ ।
४. सार्बजनिक सेवा प्रवाह, बिकास निर्माण तथा गुनासो ब्यवस्थापनलाई यथा सम्भब सिघ्र ब्यवस्थापन गर्न जनतासंग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ ।
५. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणालीकै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली(CitizenGrievances Response App)तयार गरी लागु गरिनेछ।
६. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाई का साथ असुल उपर एंव फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।
७. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटि तथा वेवसाइट मा प्रकाशित गरिनेछ।
८. गाउँपालिकाका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

९. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाम मुखी बनाईनेछ।

१०. गाउँपालिका बाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपार दर्शिता तथा ढिला सुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरु मा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ।

११. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ।

१२. गाउँपालिकाको कामकारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रोगाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडापत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गरिने छ ।

१३. प्रशासन संयन्त्रको उत्प्रेरणा को प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरक का रुपमा आवश्यक ब्वस्था गरिने छ ।

१४. गाउँपालिकाको सुरक्षालाई चुस्त दुरुस्त एव म्प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सुरक्षीत बातावरण निर्माण गर्न सुरक्षा निकायहरु संग समन्वय गरिनेछ।

१५. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ। गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१६. गाउँपालिकाभित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरु को रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१७. विपन्न र न्यून आय भएका घरपरिवार पहिचान गरी परिचय पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१८. सार्वजनिक खर्च लाई वैज्ञानिक अनुमानयोग्य र नतिजा मुखि तुल्याउन मध्यकालिन खर्च संरचना(MTEF)पद्धति प्रयोग मा ल्याइनेछ।

१९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तह हरु सँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**धन्यवाद**